DOI: https://doi.org/10.3126/cognition.v7i1.74797

# ‘साल्गीको बलात्कृत आँसु’ कथामा जाति, क्षण र परिवेश

**देवी मैनाली**[१]

***लेखसार***

*प्रस्तुत लेख पारिजातको ‘साल्गीको बलात्कृत आँसु’ कथामा प्रयुक्त मानिसहरूको जाति, क्षण र पर्यावरणसम्बन्धी विश्लेषण र मूल्याङ्कनमा आधारित छ । जातिको पहिचान मानिसको शारीरिक बनावट एवम् वंशानुगत गुणका आधारमा गर्न सकिन्छ । हरेक युगमा मानिसको महत्त्वपूर्ण विचार समाजको विशिष्ट धारणा बन्दछ । पर्यावरणले सामान्य अर्थमा मानव आँखाले देखिने सम्पूर्ण वस्तुलाई बुझ्भाउँछ । यस लेखमा पारिजातको कथालाई प्राथमिक सामग्रीका रूपमा तथा जाति, क्षण र पर्यावरणसम्बन्धी सिद्धान्त एवम् विश्लेष्य कथासँग सम्बन्धित अध्ययनलाई द्वितीय सामग्रीका रूपमा लिइएको छ । यसमा हिप्पोलाइट एडल्फ तेनले अघि सारेको जाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक मान्यतालाई कृतिविश्लेषणको आधार बनाइएको छ । साथै निगमनात्मक विधिबाट तथ्यको निरूपणपश्चात समस्याको समाधान गरिएको छ । पारिजातका विश्लेष्य कथामा कुन जातिका कस्ता पात्रको प्रयोग गरिएको छ साथै कथाको पर्यावरण र क्षण के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने लक्ष्य यस लेखको रहेको छ । उनको यस कथामा विशेषतः अशिक्षित, गरिब, दूरदृष्टि नभएका तथा मतवाली पात्रको आधिक्य रहेको निष्कर्ष निकालिएको छ । साथै गरिबी र अशिक्षाका कारणले नारीहरूको अस्तित्व धरापमा पर्ने गरेको सन्दर्भका साथै नारीमाथि हिंसा, शोषण एवम् विभेद गरिने तत्कालीन नेपाली तथा भारतीय परिवेशको यथार्थ प्रस्तुति यस कथामा रहेको निष्कर्ष पनि निकालिएको छ ।*

**शब्दकुञ्जी** : अभाव, कोठी, मतवाली, वशांणुक्रम, हाडनाता ।

## विषयपरिचय

प्रस्तुत लेख पारिजात (वि.सं १९९४-२०५०) द्वारा लेखिएको ‘साल्गीको बलात्कृत आँसु’ कथामा जाति, क्षण र पर्यावरणको विश्लेषणमा केन्द्रित रहेको छ। उनको यस कथामा नेपाली जीवन र समाजको तितो सत्यलाई अभिव्यक्त गरिएको छ। उनले नेपाली साहित्यमा कविता, कथा, उपन्यास, निबन्ध आदि विभिन्न विधामा कलम चलाएको पाइन्छ। ‘साल्गीको बलात्कृत आँसु’ कथामा तत्कालीन समयको नेपाली समाजमा नारीहरूले भोग्नुपरेको अन्याय र विभेदको चित्रण गरिएको छ। नेपाली समाजका कुन समुदाय, जात तथा वर्गका नारीहरूले कस्तो परिवेशमा कसरी जीवनयापन गरिरहेका थिए भन्ने सन्दर्भलाई उनका कथाले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । तसर्थ पारिजातको विश्लेष्य कथामा प्रयुक्त जाति, क्षण र पर्यावरणको अध्ययन गरिनु

१. devimainali78@gmail.com

*Received on Sept. 21, 2024 Accepted on Dec. 19, 2024 Published on Jan. 31, 2025*

सान्दर्भिक देखिन्छ । तसर्थ प्रस्तुत कथामा अभिव्यक्त जाति, क्षण र पर्यावरणको पहिचान गर्ने उद्देश्य रहेको यस लेखमा तेनको सैद्धान्तिक मान्यतालाई अवलम्बन गरी प्राज्ञिक निष्कर्षको निरूपण गरिएको छ ।

## अध्ययन विधि

पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथामा अभिव्यक्त जाति, क्षण र पर्यावरणको पहिचानका क्रममा यस लेखमा प्राथमिक तथा द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । पारिजातको विश्लेष्य कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यस्तै विश्लेष्य कथाका बारेमा भएका पूर्वअध्ययन तथा तेनको सैद्धान्तिक अवधारणासँग सम्बन्धित ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । समस्याको समाधानमा पुग्नका कृतिको विश्लेषणका क्रममा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । निर्धारित सिद्धान्तका आधारमा कृतिको विश्लेषण गरिने भएकाले यो लेख निगमनात्मक एवम् गुणात्मक प्रवृत्तिको बन्न पुगेको छ ।

## सैद्धान्तिक पर्याधार तथा विश्लेषणढाँचा

'साल्गीको बलात्कृत आँसु' कथामा जाति, क्षण र परिवेशको अध्ययनका लागि हिप्पोलाइट तेनले अघि सारेको जाति, क्षण र परिवेशसम्बन्धी समाजशास्त्रीय अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा लिइएको छ । व्यक्तिको वंशानुगत विशेषता एवम् मानिसको शारीरिक संरचनाका आधारमा जातिलाई चिन्न सकिन्छ । हरेक युगमा मानिसहरूको केही मानसिक विचार जन्मन्छ भने त्यो नै त्यस युगको क्षण हो । हरेक युगमा परिवेशको विकसित हुने विशेषता नै त्यस समयको क्षण हो । तेनले प्रजातिसम्बन्धी धारणाको व्याख्यामा डार्बिनको चिन्तनबाट सहयोग लिएको पाइन्छ । उनले प्रजातिको चेतना र चरित्रको विशेषताहरूलाई यसको इतिहास, कला र दर्शन आदिको कारण मानेका छन् (पाण्डेय, २०३१, पृ. १२५) । टेनले सामाजिक विकासका चरणहरूको सिद्धान्त, जातीय चरित्रको सहयोगमा साहित्यको सामाजिक अवधारणालाई विश्लेषण गर्ने प्रयास गरेका छन् । यी अवधारणाहरू विकसित र अर्थपूर्ण रूपमा उन्नाइसौँ शताब्दीको सोचमा प्रयोग भएका थिए (पाण्डेय, २०३१, पृ. ११४) । तेनले कला साहित्यलाई सामाजिक तथा वा घटना मानेर कृतिको उत्पत्तिको कार्यकारणसम्बन्ध खोजी गर्दै कृतिको वस्तुपरक अध्ययन गर्नुपर्ने मान्यता अघिसारेका छन् । उनले साहित्यलाई विश्लेषण गर्ने आधारहरूमध्ये जाति प्रजातिलाई निकै जोड दिएका छन् । जातिअन्तर्गत व्यक्तिको सहज एवम् वंशानुगत विशेषताहरू, मानसिक बनोट तथा शारीरिक संरचना आदिको विशेष रूपले उल्लेख गरेका छन् (पाण्डेय, सन् २००६, पृ.१२४) । यसरी तेनले कृतिमा जाति तथा प्रजातिको अध्ययनमा जोड दिएका छन् ।

तेनका अनुसार जाति, वातावरण र उमेर भौतिक आधार हुन् । प्रजाति, वातावरण र उमेरबिचको अन्तरक्रियाले व्यावहारिक वा प्रतिबिम्बित मानसिक संरचनालाई जन्म दिन्छ । मानसिक संरचनाबाट बीज विचारहरू विकसित हुन्छन्, जुन युगको विशेषता बन्छ र त्यस युगको महान् रचनाहरूमा व्यक्त हुन्छ (पाण्डेय, २०३१, पृ.१२४) । उनले मानिसको शारीरिक संरचना र मानसिक बनावटका आधारमा जातिको विश्लेषण गरेका छन् । समाजशास्त्रमा समाज, सामाजिक मान्छे र सामाजिक संस्थाहरू अध्ययनका महत्त्वपूर्ण अभिलेख हुन् । समाजशास्त्रले समाजमा बसोबास गर्ने विभिन्न धर्म, जातजाति, लिङ्ग, वर्ण र प्रकृतिका मान्छे र उनीहरूको

सामूहिक स्वरूप बारे अध्ययन गर्दछ । यसले उत्पादनका आधारमा धार्मिक तथा सांस्कृतिक स्थिति र सामूहिक मानसिकतालाई विशेष जोड दिन्छ। साहित्यको समाजशास्त्रको प्रमुख आधार प्रत्यक्षवाद हो। यसको मूल उद्देश्य भनेकै सामाजिक संस्थागत संरचना, पारिवारिक सम्बन्ध र यसको वनावटका सिधा प्रतिबिम्बन हो भन्ने एलेन स्विङ्गउडको धारणा रहेको छ (बराल, २०६७, पृ.६६) । समाजशास्त्रकै एक पाटोका रूपमा जाति, क्षण र पर्यावरणलाई लिन सकिन्छ।

उन्नाइसौँ शताब्दीमा समाज र साहित्यको सम्बन्धको व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन फ्रान्सेली दार्शनिक, इतिहासकार, समालोचक तथा निबन्धकार हिप्पोलाइट एडल्फ तेनबाट प्रतिपादित समाजशास्त्रीय अध्ययनमा भएको छ। जाति, क्षण र पर्यावरणसम्बन्धी विचारले समाजपरक समालोचनाको दृष्टिकोणलाई अझै सशक्त बनाउने काम उनले गरेका छन् (क्षेत्री, २०६४, पृ.१७)। यिनले जाति, पर्यावरण र क्षणलाई साहित्यको विश्लेषणका आधार मानेका छन् । मानव विकासको महत्त्वपूर्ण उपलब्धि समाजको निर्माण हो भन्ने उनको मत छ। यस्तै एउटै रहनसहन, धर्म आदि कुराको ग्रहण गर्ने, एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई उनले समाज मानेका छन् (पोखरेल र अन्य, २०६५, पृ. १३०५) । यसर्थ तेनका विचारमा साहित्यको विश्लेषणका आधारका रूपमा जाति, क्षण र पर्यावरणलाई लिन सकिन्छ।

साहित्यिक कृतिमा अन्तर्निहित बहुआयामिक पक्षहरू भूगोल, संस्कृति, इतिहास, धर्म, अर्थ, शिक्षा, राजनीति, मनोविज्ञान आदिलाई समाजसापेक्ष बनाउँदै तिनको अध्ययन र विश्लेषण गर्ने प्रचलन इसाको अठारौँ शताब्दीमा विको (भिसो) ले होमरका कृतिको अध्ययनका आधारमा समाजको विवेचना गरेदेखि पाश्चात्य समालोचनामा सामाजिक दृष्टिकोण थालिएको मानिन्छ (त्रिपाठी, २०४९, पृ.१४९)। समाजसितको मानिसको सम्बन्ध तथा सामाजिक, सांस्कृतिक सम्बन्धको वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ, (भारद्वाज, सन् १९८८, पृ.२८०) । जुनसुकै साहित्यिक रचनालाई सामाजिक पक्षबाट हेरिने रचनाको अध्ययन नै समाजशास्त्रीय अध्ययन हो।

समाजशास्त्रमा प्रजाति भन्नाले जातजातिअनुसारका प्रतिभा, स्वभाव, शारीरिक संरचना भन्ने बुझिन्छ। मानिस चेतनशील सामाजिक प्राणी भएकाले समाजमा विभिन्न किसिमका जातजातिहरूको बसोबास रहेको पाइन्छ। मानवसमूहमा बहु जातजातिहरू छन् । तसर्थ प्रत्येक साहित्यकार कुनै न कुनै जातिको सदस्य हुन्छ। संसारका प्रत्येक जातिको आफ्नै संस्कृतिक, ऐतिहासिक परम्परा हुन्छ, आफ्नै कलागत मूल्य हुन्छ। यी सबै विशेषताहरू त्यस जातिको जीवनमा घुलमिल भएर अविभाज्य हुन्छ। यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटित वा बढी मात्रमा पाइन्छ। यसले गर्दा नै एक जातिको साहित्य अर्को जातिको साहित्यभन्दा भिन्न हुन्छ (लुइटेल, २०६१, पृ.१२८-१२९)। त्यस समाजमा जातिको उत्थान-पतन र विकास भइरहन्छ। जातीय उत्थान पतनको प्रत्यक्ष वा अप्रत्यक्ष भोक्ताका रूपमा साहित्यकार पनि सहभागी हुन्छन् । त्यसैले साहित्य समाजको दर्पण हो।

साहित्य सामाजिक घटनाको यथावत् अङ्कन भएकाले युग विशेषका सन्दर्भमा जातिको उत्थान-पतन र विकासको चरण, धर्म, संस्कृति आदि पक्षको विवेचना तेनले गरेका छन्। उनले समाजपरक समालोचनाका क्षेत्रमा, जाति, युग र क्षणको सैद्धान्तिक आधार निर्माण गरेका छन् (पौड्याल, २०७०, पृ.७८)। यहाँ समाजमा

जातिको उत्थान-पतन र विकास हुन आवश्यक मानिन्छ । जातीय उत्थान-पतनको प्रत्यक्ष वा अप्रत्यक्ष भोक्ताका रूपमा साहित्यकार पनि सहभागी भएको पाइन्छ। साहित्यकारका जीवनमा यस्ता समय आउँछन् त्यतिखेर ऊ साहित्यिक रचनाका लागि उद्वेलित र प्रेरित हुन्छ। तेनले यस्तो विशिष्ट क्षणलाई प्रेरक क्षण भनेका छन् (लुइटेल, २०६१, पृ.१२९) । तेनले समालोचनाको आधार जाति, पर्यावरण र क्षणजस्ता तत्त्वलाई मानेका हुँदा उनको सिद्धान्त समाजपरक तथा यथार्थवादी हुन पुगेको हो । तेनका समयमा विज्ञानद्वारा जीवनका सबै समस्याहरूको समाधान हुन्छ भन्ने मान्यता प्रचलित भइसकेको हुँदा यिनले समालोचनाका उपर्युक्त त्रिसूत्रीय वैज्ञानिक आधार स्थापित गरेका छन् (लुइटेल, २०६१, पृ.१२९) । तसर्थ तेनको जाति, क्षण र पर्यावरणसम्बन्धी अवधारणालाई समाजशास्त्रीय विश्लेषणको त्रिसूत्रीय आधार पनि भनिन्छ ।

तेनका अनुसार हरेक युगमा एउटा प्रधान विचार विद्यमान हुन्छ। यसले त्यति बेलाको पूरै समाजमा प्रभाव पारेको हुन्छ। हरेक युगका बारेमा मान्छेको एउटा धारणा वा परिकल्पना हुन्छ। यति बेला त्यो परिकल्पना समाजको आदर्श धारणा बन्दछ। त्यसैले आदर्श विचार वा परिकल्पनाको अर्थ हुन्छ। विचार र व्यवहारको एकरूपता लामो समयसम्म यसले सत्यको रूप लिई साहित्यस्रष्टाले पनि युगको त्यही सत्य वा आदर्श विचार आफ्ना कृतिमा अभिव्यक्त गरेका छन् (श्रेष्ठ, २०६६, पृ.८१) । साहित्यकार तथा कलाकारले आफूले भोगेको तथा बाँचेको युगको प्रतिबिम्बलाई साहित्यमा अभिव्यक्ति गरेको हुन्छ (ढकाल, २०७३, पृ.६९) । यसमा आफू बाँचेको युग नै क्षण हो । यसमा तेनले प्रजाति, पर्यावरणको सूत्रात्मक अभिव्यक्तिबाट नै साहित्यको दिशानिर्देश हुने विचार प्रस्तुत गरेका छन् ।

कुनै पनि जीव वरपरको अवस्थामा हुर्कन्छ, बढ्छ र अन्तमा आफूजस्तै सन्तति छोडेर जीवनचक्र पूरा गर्दछ। वनस्पति होस् या प्राणी सबै प्रकारका जीवित वस्तु आ-आफ्नै वातावरणमा हुर्कन्छन् । प्रत्येक साहित्यकारले जन्मेदेखि नै आफ्ना पर्यावरणको प्रभावले पछि उसका साहित्यि अभिव्यक्तिमा क्रियाशील भई यिनैको परिचालनबाट उसले साहित्य साधना गर्छ (ढकाल, २०७३, पृ.६०) । तेनले परिवेशलाई क्षण वा वातावरण पनि भनेका छन्। उनले प्राकृतिक परिवेश र सामाजिक परिवेश भनी परिवेशका दुई प्रकार बताएका छन्। उनका अनुसार संसारमा मानिस कहिल्यै एक्लो हुँदैन । उनले मानिसका चारैतिर प्रकृति र समाज भएको विचार प्रस्तुत गरेका छन् (श्रेष्ठ, २००६, पृ. ८०) । यसरी तेनले जाति, क्षण र पर्यावरणसम्बन्धी अवधारणाहरू विकास गरेर कृतिमा त्यसको अध्ययन गर्न सकिने विचार प्रस्तुत गरेका हुनाले यिनै तीन आधारलाई विश्लेषणको ढाँचा मानी यसमा पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथामा प्रयुक्त जाति, क्षण र परिवेशको विश्लेषण तथा निरूपण गरिएको छ।

## विमर्श र नतिजा

पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथामा अभिव्यक्त जाति, क्षण र पर्यावरणको निरूपणका लागि यसमा तेनले अघि सारेको समाजशास्त्रीय मान्यतासम्बन्धी अवधारणालाई कृति विश्लेषणको आधार बनाइएको छ। यस क्रममा यहाँ कथाको आख्यान सन्दर्भ प्रस्तुत गरिसकेपछि विश्लेष्य कथामा प्रयुक्त जाति, क्षण र परिवेशको विश्लेषण तथा पहिचान गर्ने कार्य गरिएको छ :

## आख्यान सन्दर्भ

पारिजातको 'साल्गीको बलात्कृत आँसु' सिन्धुपाल्चोकको परिवेशमा रचिएको निम्नवर्गीय परिवारकी नारीपात्रको जीवनभोगाइमा आधारित कथा हो । यस कथाकी प्रमुख पात्र साल्गी नै सिन्धुपाल्चोक डाँडागाउँ निवासी तामाङ परिवारकी अविवाहित छोरी हो । साल्गीका बा, आमा अशिक्षित भएको हुँदा आर्थिक रूपले सम्पन्न छैनन् । उसको उमेर बढ्दै जाने क्रममा उसका बाबुआमाले विवाहका लागि आवश्यक खर्च जुटाउन नसक्ने भएकाले आफैँ पैसा कमाएर आमालाई थोरै भएपनि सहयोग गर्ने भावना उसमा जागृत भएको देखिन्छ ।

पैसा कमाउने लोभ देखाएर गलत स्वभाव भएको गाउँको ल्वाँगे घर्तीले उसलाई नेपाल गएर गलैँचा बुन्ने कारखानामा काम लगाइदिने लोभ देखाएको छ। उसले पहिलो महिनादेखि नै चार सय रूपैँया दिन्छु भनेर फकाएकाले पैसा कमाउने लोभमा साल्गी नेपाल गएकी छ। तर उसले काठमाडौंमा विभिन्न आस देखाएर भारतको कुनै एक शहरको वेश्यालयमा बेचिदिएर आफू गायब भएको थियो । ल्वाँगे घर्तीलाई आफ्नो मनको हतियारले टुक्रा पारेर काट्दै साल्गी बसिरहेकी छ। आफूलाई कारखानामा बसेको सम्झँदा असङ्ख्य पवित्र आत्माहरूले आजीवन कारावासको सजाय पाउँछन्। जहाँ सोझा साझा निमुखाहरूले सधैं मानसिक र शारीरिक शोषणमा परेर दुःख भोगिरहेका हुन्छन् । एउटा भारतीय केटामान्छेले आफूबाट शारीरिक सन्तुष्टि प्राप्त गरिरहँदा वेश्यालयकी साल्गीको मनमा विद्रोहको भाव जन्म थाल्छ। 'टाढाको देउताभन्दा गाउँको भूत काम लाग्छ भन्थ्यो तर पैसा तिरेर लुट्ने यी ब्वाँसाहरूभन्दा ल्वाँगे डर लाग्दो गाउँको भूत नै मेरो पनि भूत रहेछ' भन्ने भाव उसमा जागृत हुन्छ ।

वेश्यालयमा आफ्नो कौमार्य लुटिन र निरन्तर आफू बलात्कृत भएको पीडा भोग्नुपरेको कुरा उसले व्यक्त गरेकी छ। त्यसपछि उसले आफ्ना विशिष्ट अनुभूति बाआमाले गरेको सम्झना र त्यसप्रति ल्वाँगे घर्तीका अपराधकर्मप्रतिको आक्रोशित भाव व्यक्त गर्दै कथावस्तुको समाप्त भएको छ। यसरी नै नेपालका हजारौं किशोरी चेलीहरू कसरी चेलीबेटी बेचविखनको सिकार बन्न पुगेका छन् भन्ने यथार्थलाई यस कथाले देखाएको छ ।

## साल्गीको बलात्कृत आँसु' कथामा जाति

'साल्गीको बलात्कृत आँसु' कथामा तामाङ जातिको उपस्थिति पाइन्छ। यस कथामा तामाङ जातिको प्रतिनिधित्व गर्ने पात्रका रूपमा ल्वाँगे, सरदार्नी, साल्गीको आमा र साल्गी देखिएका छन् । यस कथामा तामाङ जातिको किशोरी नारीलाई घुम्न जान आग्रह गरेको विचार प्रस्तुत गरिएको छ। "कया होई सालगी, नेपालमा घुम्न जाने हो ? जान्नँ त्यो एकपल्ट हेरको ठाउँ त हो" उसले नाक चेप्राइदिएकी थिई, (पृ.२०७) भन्ने ल्वाँगे पात्रको अभिव्यक्तिले अविवाहित किशोरी तामाङ जातिको भएको सन्दर्भलाई पुष्टि गर्दछ । यस कथनमा प्रयोग गरिएको भाषा तथा लवजले जनजातीय बोली एवम् तामाङ संस्कृतिलाई प्रस्ट पारेको छ ।

प्रस्तुत कथामा साल्गीलाई आर्थिक खडेरी परेपछि अर्थात् गरिब हुनुको पीडाले पिल्सिएपछि नेपालमा काम गर्न बाध्य भएकी ल्वाँगेको कथनले तामाङ परिवारको किशोरीलाई काम लगाइदिने झुट आस्वासन देखाएर कोठीमा बेचिन पुग्नु तथा शारीरिक पीडाले छटपटिएको विचारको उल्लेख गरिएको छ। यस कथनमा "ल्वाँगे

घर्तीले नेपालमा हिँड्, गलैँचा बुन्ने कारखानामा काम लगाइदिन्छु, थुप्रै पैसा कमाउँछेस् भनी भगाएर ल्याएको, कुन नर्कमा ल्याएर छोडिदियो ल्वाँगे पापीले मलाई पो होटलमा हो, एकछिन बस्दै गर म एकछिनमा आउँछु भनी गएको ल्वाँगे एक वर्ष भइसक्यो फर्केर आएन, (पृ.२०६)" भन्ने साल्गीको कथनले आर्थिक पक्षको आधारमा तामाङ जातिको पुष्टि गर्दछ। यसरी सोझा निमुखा नारीलाई कारखानामा काम लगाइदिने बहाना बनाएर कोठीमा लगेर बेचिएको तामाङ जातिको किशोरीले जातीय पक्षको विद्रोह गरेको विचार यस कथामा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा नारीलाई धर्म एवम् संस्कारका नाममा हाडनातामा विवाह गर्ने तामाङ जातिको बारेमा पुष्टि गर्नुका साथै तामाङ जातिको परिवारमा नारीलाई आफन्तसँग विवाह गर्ने परिपाटीको अभिव्यक्त गरिएको छ। "उसलाई माग्न आउने थुप्रै भइसकेका थिए तथापि उसका, आमा, बाले उसलाई उसकै मामाको छोरासँग दिने तय गरे, (पृ.२०६)" भन्ने साल्गीको आमाको यस कथनले हाडनातामा विवाह गर्ने परिपाटीको पक्षमा पुष्टि गर्दछ। यस कथनमा सांस्कृतिक प्रचलनअनुसार मतवाली जातिको छोराछोरीलाई विवाहमा माग्न आउँदा आफ्नो नातेदार भन्दा बाहिरको मान्छेलाई विवाह गर्न नदिने तथा आफ्नो अग्रजहरूले भनेकै मान्छेसँग विवाह गर्नुपर्ने धार्मिक तथा सांस्कृतिक प्रचलन रहेको विचार यस कथामार्फत प्रस्तुत गरिएको छ। यसरी पारिजातको प्रस्तुत कथामा तामाङ जातिलाई प्रस्तुत गरिएको छ।

**साल्गीको बलात्कृत आँसु कथामा क्षण**

समयको छोटो अवधिलाई काल वा क्षण भनिन्छ। हरेक युगमा मानिसहरूको महत्त्वपूर्ण एउटा विचार जन्मन्छ, त्यस युगमा त्यतिबेलाको समाजको आदर्श धारणा बन्दछ। तेनको साहित्यको समाजशास्त्रीय अध्ययनको मान्यता युग हो। साहित्यको सिर्जना जातिगत विशेषता तथा पर्यावरणगत प्रभावबाट मात्र नभई साहित्यकारका जीवनको महत्त्वपूर्ण क्षणका प्रेरणाबाट पनि हुन्छ। तेनका अनुसार हरेक युगमा एउटा नयाँ विचार विद्यमान हुन्छ, जसले त्यो समयको पुरै समाजमा प्रभावित पारेको देखिन्छ (पाण्डेय, २०६३, पृ. १२४)। 'साल्गीको बलात्कृत आँसु' कथामा क्षणको प्रयोग पहिचानगत विश्लेषण, पात्रको नामकरण, शब्द प्रयोगको अवस्था, आर्थिक स्थिति, विचारको तह र कार्य, संस्कृति आदिसँग जोडेर गरिएको छ।

प्रस्तुत कथामा प्रयुक्त नारीले बुढेसकालमा आफ्नो सहारा छोरीलाई सम्झना आएको क्षणमा प्रस्तुत गरिएको छ। यस कथामा 'बुढेसकालको टेको त्यो साल्गी कहाँ गइहोली, मरिसकी कि बाँचेकी होली त्यसलाई नजर लाउने थुप्रै थिए, फर्केर आउली कि नआउली' (पृ.२०५) भन्ने साल्गीको ममीको कथनले त्यस क्षणको पुष्टि गरिएको छ। साल्गीको आमाले त्यो समयमा बुढेसकालको टेको आफ्नो सन्तानको खोजी गर्नुका साथै उमेर पुगेकी किशोरी घरमा नभएको सन्दर्भमा बाँचे नबाँचेको पीडाले आमाको मनमा विक्षिप्त भएको विचार व्यक्त गरिएको छ।

प्रस्तुत कथामा पुरुषले गिद्धेनजरले हेरिएको तथा सिधाको फाइदा उठाएर नारीलाई त्यो क्षणमा काम लगाइदिने विचार प्रस्तुत गरिएको छ। यस कथामा ल्वाँगेले गाउँकी सोझी तामाङ परिवारकी छोरी किशोरीलाई नेपालमा जागिर लगाइदिने विचार प्रस्तुत गरिएको छ। "हेर साल्गी, अहिले नेपालमा गलैँचा बुन्ने कारखानामा थुप्रै खुलेको छ। तैँले भनेको ठाउँमा म काम लगाइदिन्छ, पहिलो महिनादेखि नै चारसय रूपियाँ दिन्छ भनेको छ, कम

हो चार सय रूपियाँ भनेको ! के विचार छ, जान्छेस् ? (पृ.२०७)" भन्ने ल्वाँगे पात्रले किशोरीलाई काठमाडौंको गलैंचा बुन्ने कारखानामा जागिर लगाई आर्थिक रूपले अब्बल बनाउने विचार प्रस्तुत गरिएको छ। तसर्थ समाजमा अशिक्षित तथा बोल्न नसक्ने किशोरीलाई महिनाको चार सय रूपियाँ दिन्छ भन्ने झुट षड्यन्त्र गरेर फसाइएको तथा गलत आश्वासन देखाएर त्यो समयको क्षणमा फस्न बाध्य भएको विचार प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा नारीलाई पुरुषले त्यस समयमा रोजगार लगाइदिने हल्ला गरिएको विचार उल्लेख गरिएको छ। यस कथामा महिलाले पनि अवसर पाएमा काम गर्न सक्ने जिज्ञासा व्यक्त गर्नुका साथै चाडपर्व मनाउन सजिलै सकिने सन्दर्भको प्रस्तुत कथामा व्यक्त गरिएको छ। "नेपालमा गलैंचा कारखानामा काम गर्न गएकी छ भनी हल्ला फिजाई राखिदिउँला नि, अनि त एक-दुई दिनपछि खोज्दै-खोज्दै कारखानामा नै आइपुगिहाल्छन् नि, दशैं मनाइहाल न (पृ.२०७) भन्ने ल्वाँगेको कथनले त्यस समयमा आर्थिक पक्षको पुष्टि गर्दछ। काठमाडौंमा काम गर्न गएको हल्लाले गाउँमा छोरीलाई खोजी गरिएको विचार यस कथामा प्रस्तुत गरिएको छ। दसैंजस्तो नेपालीको मुख्य चाडपर्वमा पनि किशोरीले त्यस क्षणमा बेरोजगार भएर बस्न नचाहेको असन्तृष्टि व्यक्त गरिएको छ। "ऊ घरी घरी ल्वाँगे घर्तीलाई आफ्नै मनको हतियारले टुक्राटुक्रा क्षतविक्षत पार्दै बसिरहन्छे, यसरी दर्शकको आक्रोश पटक्कै शान्त हुँदैन्। उसलाई त्यही झ्यालबाट हाम फाल्न मन लाग्छ तर सक्दिन, (पृ.२०७) भन्ने समाख्याताको कथनले कोठीको झ्यालबाट हाम फाल्न नसकेको क्षणको पुष्टि गर्दछ। यस कथामा आफू यौनशोषण र दमनमा परेको विरूद्धमा वकालत गर्न सक्ने भएकी छ। उसले त्यो पात्रलाई कडाभन्दा कडा अपराधीका रूपमा चिनाई कठोर दण्डको माग राखेकी छ। यो उसलाई सीमान्त अवस्थामा पुऱ्याउने शक्तिहरूप्रति तीव्र प्रतिरोध गर्न चाहेको कुरा यस कथामा प्रस्तुत गरिएको छ।

पारिजातको प्रस्तुत कथामा पुरुषविना पनि नारीको अस्तित्व हुन्छ भन्ने पक्षको बारेमा विद्रोह गरिएको छ। यस कथामा ब्वाँसाजस्ता मान्छेहरूले त्यस क्षणमा पनि नेपालीहरूलाई खोजी गर्नुका साथै नारीलाई पुरुषविना पनि एक्लै बाँच्न सक्ने विचार प्रस्तुत गरिएको छ। "यतिखेर यहाँ त ब्वाँसो, हाप्सिलोजस्ता मान्छेहरू घरमा स्वास्नीहरूलाई छलेर पर्खाएर खुरुखुरु आउन थाल्छन्, नेपाली नै चाहिन्छ, छि ! कति घिनलाग्दा हुन्छन्। यी लोग्ने मान्छेहरू, (पृ.२०९)" भन्ने साल्गीको कथनले वातावरणीय परिवेशको पुष्टि गर्दछ। आफ्नो श्रीमती हुँदाहुँदै पनि अरूको छोरीमाथि समेत सजिलै कब्जा गरिएको र त्यसप्रति नारीको इच्छा, आकाङ्क्षा नभएको परिवेशको चित्रण तथ्यमार्फत प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा साल्गीले त्यति बेलाको क्षणमा आफ्नो अस्तित्वको रक्षा गर्न नसकेको चित्रण गरिएको छ। यस कथनमा ल्वाँगे घर्तीलाई आफू कमजोर नभई आक्रोशित भएर पापको फल कुनै दिन भोग्नुपर्छ भन्ने चेतावनी समेत प्रस्तुत गरिएको छ। भारतीय लोग्ने मान्छे उठेर गइसक्दा साल्गीको विद्रोह आँसु भएर बग्न थाल्छ, "के कसैले पनि ल्वाँगे घर्ती र म गाउँबाटसँगै हराएको थाहा पाएन ? के ल्वाँगे घर्तीलाई मेरा गाउँलेहरू अब कहिल्यै चिन्दैनन् ? किन ? ल्वाँगे घर्तीले पापको फल किन भोग्दैन ? किन ल्वाँङ्गे घर्तीलाई कसैले खुकुरीले छपक्क काटेर दुई टुक्रा बनाइदिदैंन" (पृ.२०९) भन्ने साल्गीको कथनले त्यति बेलाको समयमा घटेको घटनाको पुष्टि गर्दछ। यस कथनमा नारीमाथि पुरुषले गर्ने नकारात्मक क्रियाकलापको व्यवहार गरेको देख्दा गाउँलेले किन बेवास्ता गरिएको र ल्वाँगे घर्तीलाई छिमेकीले छपक्क काटेर दुई टुक्रा नबनाई एउटा असल पात्रका रूपमा तथ्यमार्फत यस कथामा प्रस्तुत गरिएको छ।

पारिजातको "साल्गीको बलात्कृत आँसु" कथामा नारीले वृद्धा अवस्थामा आफ्नो हुर्केको सन्तानलाई सम्झेको क्षणलाई प्रस्तुत गरिएको छ। नारीलाई वेश्यालयमा बेचेर पैसा कमाउन पल्केका पुरुष प्रवृत्ति, अशिक्षित र आत्मनिर्भर नभएका नारीलाई गलत नजरले रोजगार लगाइदिएको भनेर गाउँमा हल्ला फिँजाइएको छ। यस कथामा नारीमाथि अनैतिक सम्बन्ध राखेर उपभोग्य वस्तुका रूपमा हेरिने प्रवृत्तिप्रति विद्रोह गरी आक्रोश व्यक्त गरिएको छ। प्रस्तुत कथामा यौनपिपासु पुरुषले नारीमाथि गिद्धे नजर लगाइने प्रवृत्ति अत्यधिक रहेको विचार प्रस्तुत गरिएको छ। यस कथामा नारीमाथि यौनशोषण गर्ने पुरुषलाई कानुनी कारबाही नगरिएको र त्यस पक्षको सन्दर्भलाई  सम्बन्धित निकायले चासो नदेखाएको तथ्यमार्फत प्रस्तुत गरिएको छ।

**साल्गीको बलात्कृत आँसु कथामा पर्यावरण**

हाम्रा आँखाले देख्न सक्ने चारैतिरका सम्पूर्ण वस्तुहरू हावा, पानी, ढुङ्गा, माटो, पहाड, खोला, नाला, पर्वत, वन जङ्गल आदि प्राकृतिक वस्तुहरूको संयुक्त स्वरूप नै वातावरणअर्न्तगत पर्दछ र यिनै सम्पूर्ण वस्तुहरूलाई नै वातावरण एवम् पर्यावरण भन्ने बुझिन्छ। मानिस सामाजिक प्राणी भएकाले वातावरणको सोझै प्रभाव मानिसमा परेको हुन्छ। वातावरण समाजको भौगोलिक बनावट एवम् हावापानीसँग घनिष्ट मानवीय सम्बन्ध भएको हुन्छ। तेनले साहित्यिक सिर्जनाको मूल केन्द्रबिन्दु परिवेशलाई मान्दै लेखकले साहित्यमा आफू बाँचेको वातावरणलाई समेटिएका हुन्छन् भनेका छन्। पर्यावरण भन्नाले जल, वायु र जमिनको अवस्था बुझिन्छ। हरेक जीवसित जोडिएको वातावरण अवस्था हो (पाण्डेय, २०६३, पृ. १२५) तेनको समाजशास्त्रको अर्को महत्त्वपूर्ण आधार भनेको वातावरण हो। वातावरण भन्नाले मुख्यतया प्राकृतिक वातावरणलाई बुझिन्छ, तर त्यसभित्र सामाजिक वातावरण पनि समावेश हुन्छ।

प्रस्तुत कथामा वर्णित पर्यावरणलाई भौगोलिक, सामाजिक, सांस्कृतिक, वर्गीय, आर्थिक, मनोविज्ञान आदि आधारहरूबाट पर्यावरणसम्बन्धी पहिचान गर्न सकिन्छ। कथामा धारणा, व्यवहार, वर्ग, प्रचलन आदि माध्यमबाट सामाजिक वातावरण प्रस्तुत भएको छ। यस कथाको धरातललाई सरसर्ती हेर्दा शक्ति, सम्पत्ति र स्वार्थी चेतनाले युक्त उच्च वर्गको चित्रण प्रस्तुत गरिएको छ। प्रस्तुत कथामा तामाङ जातिअनुसारको सांस्कृतिक पहिचान झल्काइएको छ। निम्नवर्गले आर्थिक कमजोर अवस्थामा अज्ञानताका कारण आफ्नै हाडनाता पर्नेसँग विवाह हुनुपर्छ भन्ने जातिगत मान्यताका रूपमा ग्रहण गरेको छ। यस कारण पनि निम्नवर्गका साल्गी र उसका बुबा आमाले अरू माग्न आउने मान्छेहरूलाई छोरीको विवाह नगर्ने निर्णय गरिएको छ। एउटा पात्र आर्थिक रूपमा मध्यमवर्गको अवस्थामा रहेको छ। साल्गी ज्यादै दयनीय अवस्थाकी पात्र हो। यस कथामा सामाजिक, आर्थिक र वर्गीय परिस्थितिबाट मनोविज्ञानको प्रयोग भएको पाइन्छ। जसकारण समाजमा एकअर्कालाई आर्थिक, मानसिक शोषण, गर्ने वर्गको मनोविज्ञान र लुटिएको समेत थाहा नपाउने बरू लुट्नेलाई नै अपराधी वर्गको दर्जामा नराखी सहयोगीका रूपमा देखाइएको छ।

पारिजातको प्रस्तुत कथामा ध्वाँसे उज्यालोतिर अँध्यारो देखिएको, गाउँ छोडेर शहर जान नसकेको अवस्थाको चित्रणमार्फत त्यस समयको परिवेशलाई प्रस्तुत गरिएको छ। यस कथामा अभिव्यक्त : "धुवाँबाट उज्यालो परिवेशलाई आत्मसात गर्दै सोच्न थाल्छे यहाँबाट नेपाल उत्तरपट्टि पर्छ" (पृ.२०५) भन्ने साल्गीको कथनले त्यस क्षणमा उज्यालोको प्रतिकूल वातावरणको दृश्यलाई उल्लेख गरिएको छ। यस कथनमा ध्वाँसे उज्यालोबाट

नेपाल उत्तरपट्टि पर्छ भन्ने दिशाको सङ्केत नगरी उज्यालोलाई अँध्यारो र अँध्यारोलाई उज्यालोको रूपमा हेर्न बाध्य भएको परिदृश्य चित्रण गरिएको छ। उसलाई बस्ने सुविधा नभएको वतावरणमा निरीह जीवन बिताउन बाध्य भएको कुराको पुष्टि गरिएको छ। कमजोर पात्र ल्वाँगेले "पहिले तँ गएको जस्तो नेपाल हो र! अहिलेको नेपालमा पैसा कमाउन" भनेर फकाएका कारणले निम्नवर्गको आर्थिक अभाव जटिल रहेको अवस्था देखाइएको छ। उनले आर्थिक अभावमा परेको पीडाको सन्दर्भबाट कथाको आर्थिक धरातल प्रस्ट पारिएको छ। निम्नवर्गको समस्या, शोषक, सामन्ती प्रणाली र व्यवहारलाई आर्थिक पक्षका रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा मन पवित्र भए पनि वेश्यालयभित्रको फोहोरी वातावरण सफा नभएको विचार प्रस्तुत गरिएको छ। "साल्गीलाई उठ्ने, नुहाउने, खाने केही गर्न पनि जाँगर चल्दैन, त्यसै पनि जीवनप्रतिको जिज्ञासा नाउँको भावना वेश्यालयभित्र हुँदैन, जतिसुकै नुहाए पनि, धोए पनि यहाँको फोहोरी वतावरण फेरिने होइन क्यार, मनको पवित्रता कसले देखोस् !" (पृ.२०९) भन्ने साल्गीको ममीको यस कथनले मन पवित्र भएको कसैले देख्न नचाहेको बारेमा पुष्टि गर्दछ। यस कथामा फोहोरी वातावरणमा साल्गीलाई जीवनमा केही गर्न इच्छा नभएको र जीवनप्रतिको जिज्ञासा तुहिएकाले उसलाई नुहाउने र खाने केही गर्न मन नभएको परिवेशमा मन पवित्र भएको कुरा कसैले नदेखिएको तथ्यमार्फत प्रस्तुत गरिएको छ।

प्रस्तुत कथमा सरदार्नीको कोठाको परिवेशलाई उल्लेख गरिएको छ। यस कथामा साल्गीले आफ्नो आमा बिरामी परेको छ कि भनेर चिन्ता गरेको क्षणलाई उल्लेख गरिएको छ। "कोठामा फिक्का उज्यालो छरिन्छ। रिक्सा र मोटरको हर्न बजेको सुनिन्छ सरदार्नीको कोठाबाट भजनसँगै तमाखुको बास बाहिरिँदै छ। साल्गीलाई केही गर्न मन लाग्दैन, आमालाई केही पो भयो कि ?" (पृ.२०६) भन्ने साल्गी पात्रको कथनले यसमा रिक्सा र मोटरको हरण बजेको वातावरणको पुष्टि गर्दछ। यस कथनमा भजन र तमाखुको बास आएको परिवेशमा पनि साल्गीले आफ्नो आमा बिरामी पो परिन कि भनेर सम्झेको र आफूलाई केही गर्न चाहना भएता पनि त्यस परिवेशमा केही गर्न मन नभएको विचार प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा साल्गी वेश्यालयको कोठीमा रातभरी जबरजस्ति बेचिएकी अवस्थामा शारीरिक पीडालाई व्यक्त गरिएको छ। "छिनछिनमा फेरिन्छन, कहिले रातभरीलाई रिजर्भ ! कति घिन लाग्दा हुन्छन् यी लोग्ने मान्छेहरू, (पृ.२०९)" भन्ने साल्गी पात्रको कथनले त्यो कोठीको परिवेशमा आफूलाई रातभरि यौनसम्बन्धले असन्तुष्टि प्राप्त भएको कुराको पुष्टि गरिएको छ। यस कथनमा डर, त्रास, उत्पन्न भई मानसिक सन्तुष्टि नमिलेको आभास र शारीरिक सम्बन्धमा तथा सन्तृष्ट नभएको तथ्य कथामा साल्गीमार्फत प्रस्तुत गरिएको छ। आफ्नो श्रीमती हुँदाहुँदै कोठीमा पनि अरूको छोरीमाथि समेत कब्जा गर्न पछि नपरेको र त्यसप्रति नारीको कुनै इच्छा, आकाङ्क्षा नभएको परिवेशको चित्रण तथ्यमार्फत उल्लेख गरिएको छ। यसरी नारीलाई भोग्याका रूपमा हेरिने प्रचलनलाई विभिन्न तथ्यमार्फत यसमा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा टाढाको देउताभन्दा नजिकको भूत काम लाग्छ भन्ने मान्यतालाई पर्यावरणीय दृष्टिकोणमा प्रस्तुत गरिएको छ। यस कथामा पैसा तिरेर लुट्ने ब्वाँसाहरूभन्दा सामन्ती प्रवृत्ति भएको पात्रको प्रतिनिधित्व गर्ने ल्वाँगे घर्ती भयङ्कर डर लाग्ने मानिसका रूपमा प्रस्तुत गरिएको छ। "टाढाको देउताभन्दा गाउँको भूत काम लाग्छ भन्थे तर पैसा तिरेर लुट्ने यी ब्वाँसाहरू भन्दा त्यो ल्वाँगे घर्ती डरलाग्दो हो, त्यो गाउँको भूत मेरो पनि

भूत" (पृ.२०९) भन्ने साल्गीको कथनले उसलाई ललाइफकाइ गरेर नेपालमा जागिर लगाइदिने ब्वाँसाहरूले गरेको सन्दर्भलाई पुष्टि गर्दछ। यस कथनमा ल्वाँगे घर्तीले साल्गीमाथि शोषिण गरेको र आफू शासकको प्रवृत्ति भएको चित्रण गरिएको छ।

प्रस्तुत कथामा महिनावारी नभएका कलिला नानीहरूलाई पनि त्यस समयमा आफ्नो इच्छा विपरीत कोठीमा लै जान पीडादायी पक्षको चित्रण गरिएको छ। यस कथामा साल्गीजस्तै कौमार्यको रगतले वेश्यालयको खोरमा लगेर जबरजस्ती शारीरिक सम्बन्ध गरेको सन्दर्भलाई तथ्यमार्फत प्रस्तुत गरिएको छ। "ल्वाँगेजस्तैहरूको कौमार्यको रगतले सिँगारिएका कोठाहरूमा घोर विसङ्गत क्षणहरू हाई काढ्दै बाँच्दा हुन्। ती पवित्र आत्माहरू सिफिलिस, तिरस्कार, मूल्यहीन मृत्यु र बेवारिस लास भएर जीवनको टुङ्गो लगाउन पर्ने" (पृ.२०८) भन्ने कथनले भारतको कोठीमा जबरजस्ती यौन शोषणमा परेका नारीको विवशतालाई देखाइको छ।

प्रस्तुत कथामा पुरुषद्वारा नारीमाथि हुने गरेका हिंसा, बलात्कार गरिएको परिवेशमा अन्यायका विरूद्धमा आफू त्यहाँबाट भागेर कतै जान नसकेको अन्तरमनको पीडालाई त्यस परिवेशमा प्रस्तुत गरिएको छ। यस कथामा साल्गीले वेश्यालयको कोठीबाट भागेर कतै जान चाहे तापनि त्यो अपरिचित सहरबाट भागेर जान नसक्ने अवस्थाको चित्रण गरिएको छ। "मेरो आमा रातभरि लोग्ने मान्छेहरूको सास गन्हाउने यो कोठामा एकछिन पनि बस्न मन लाग्दैन, त्यो विरानो शहरबाट भागेर आउन सकिन बाहिरको सडक पनि मेरा लागि अचिनारू छ" (पृ.२०६) भन्ने साल्गीको कथनले कोठीभित्र र वाह्य परिवेश उसको लागि चिनारी नभएको तथ्यलाई प्रष्ट पारेको छ।

प्रस्तुत कथामा पुरुषद्वारा नारीमाथि हुने गरेको हिंसा, बलात्कारजस्ता अन्यायको विरूद्धमा आफू वेश्यालयको कोठीबाट भागेर जान चाहे तापनि त्यो सहरबाट भागेर जान नसकिएको परिवेशले पारेको अन्तरमनको पीडालाई प्रस्तुत गरिएको छ। यस कथामा साल्गीले आफूलाई कोठीमा बाँच्न उकुसमुकुस भएको विचार प्रस्तुत गरिएको छ। वेश्यालयको कोठीबाट भागेर जान चाहे तापनि त्यो सहरमा जान नसकिएको सन्दर्भ तथ्यमार्फत प्रस्तुत गरिएको छ। "मेरी आमा रातभरि लोग्ने मान्छेहरूको सास गन्हाउने यो कोठामा एकछिन पनि बस्न मन लाग्दैन, त्यो विरानो शहरबाट भागेर आउन सकिन, बाहिरको सडक पनि मेरो लागि अचिनारू छ" (पृ.२०६) भन्ने साल्गीको कथनले फोहोरी वतावरणको पुष्टि गर्दछ। यस कथनले कोठाभित्र र कोठाबाहिरको परिवेश उसको लागि अपरिचित तथा चिनारी नभएको ठाउँमा नजाने निर्णय गरेको विचार प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा नारीलाई वेश्यालयभित्र पवित्र आत्माहरूले विनाअपराध आजीवन कारावासमा सजायभोग्नु परेको अवस्थाको चित्रण गरिएको छ। "वेश्यालयभित्रको दिन कति एकरस, कति नीरस, कति उजाड, असङ्ख्य व्यथा, आँसु, विवशता र मनको धोकोहरूले अचानो पारेको पर्खाल भरेङ र मफेरीहरू लिएर एउटा यस्तो कारावास बनेको हुँदा असङ्ख्य पवित्र आत्माहरूले बिनाअपराध आजीवन कारावासको सजाय पाउँछन्" (पृ.२०८) भन्ने साल्गीको कथनले वेश्यालयभित्रको उजाड, असङ्ख्य व्यथाले मनमा शान्ति नभएको अँध्यारो परिवेशको पुष्टि गर्दछ। यस कथामा नारीलाई कोठीमा निरन्तर बलात्कृत गरिएको तथा यौनशोषणमा परेकाले मनका अनगिन्ती रहरलाई तिलाञ्जली दिएको विचार प्रस्तुत गरिएको छ। प्रस्तुत कथामा नारीलाई आर्थिक अभावको खडेरीले जागिर खाएको परिवेशको चित्रण गरिएको छ। यस कथामा पुरुषले नारीलाई नेपालको

गलैँचा बुन्ने कारखानामा काम लगाइदिने विभिन्न आश देखाएको सन्दर्भ प्रस्तुत गरिएको छ। "हेर साल्गी, अहिले नेपालमा गलैँचा बुन्ने कारखानामा थुप्रै खुलेको छ। तैँले भनेको ठाउँमा म काम लगाइदिन्छु। पहिलो महिनादेखि नै चारसय रूपियाँ दिन्छ भनेको छ, कम हो र चार सय रूपियाँ भनेको ! के विचार छ, जान्छेस् ?" (पृ.२०६) भन्ने ल्वाँगे घर्तीको कथनले आर्थिक पक्षको पुष्टि गर्दछ। यसरी यस कथामा आर्थिक अभावले सताइरहेको सामाजिक मनोविज्ञानको सार्थक वर्णन गरिएको छ।

प्रस्तुत कथामा वेश्यालयको परिवेशभित्र कलिला बालबालिकाको कौमार्य लुटिनुका साथै निरन्तर बलात्कृत हुनुपरेको नारकीय पीडा भोग्नुपरेको दृश्यलाई प्रस्तुत गरिएको छ। यस कथामा किशोरी कोठीमा दिनदिनै यौनहिंसामा परेको सन्दर्भ प्रस्तुत गरिएको छ। "जहाँ निरपराधीहरूले सधैँ मानसिक र शारीरिक यन्त्रणा एकनास भोगिरहेका हुन्छन्। साल्गीहरूको कौमार्यको रगतले सिँगारिएका कोठाहरूमा घोर विसङ्गत क्षणहरू हाई काढ्दै बाँच्दा हुन्। ती पवित्र आत्माहरू सिफिलिस, तिरस्कार, मूल्यहीन मृत्यु र वेवारिस लास भएर जीवनको टुङ्गो लगाउनुपर्ने, सरदार्नी र दलहरू सधैं भनिरहँदा हुन् "आखिर क्या फरक है तुम लोगो का जीवन बाहर और भितर ?" (पृ.२०८) भन्ने समाख्याताको कथनले त्यस समयमा भोगेको कुरा पुष्टि गर्दछ। यस कथामा एकपल्ट पनि महिनावारी नभएका बालिकालाई कोठीमा पटकपटक बलात्कार गरिएको तथा यौन शोषणमा परेको चिन्ता तथ्यमार्फत प्रस्तुत गरिएको छ। तसर्थ बालिकाको पवित्र आत्माले तिरस्कार, मूल्यहीन र बेवारिसे लास भएर बाँच्नुपरेको पीडा तथ्यमार्फत यस कथामा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा नारीलाई सिङ्गारका लागि प्रयोग हुने सुगन्धित चमेली तेलको वासनाले समेत विक्षिप्त पारेको अवस्थाको परिवेशलाई प्रस्तुत गरिएको छ। यस कथनमा रक्सी पिएर आउने हजारौं पुरुषको यौनप्यास मेटाउने खेलौनाका तथा साधनका रूपमा हेरिएको अवस्थामा सस्तो अगरबत्तीको धुँवालाई समेत दुर्गन्धित पारेको छ। "चमेलीको चर्को बासनाले टाउको फुट्ला जस्तो हुन्छ, फेरि त्यसमाथि थपिन्छ पिएर आउनेहरू रक्सीको गन्ध ! सस्तो अगरबत्तीको धुँवा, बासना उफ !" (पृ.२०९) भन्ने वेश्यालयको परिवेशमा आएका यौनकर्मीहरूले हजारौं पटक किशोरीलाई बलात्कार गरी जिउँदै मरेतुल्य बनाएको चित्रण तथ्यमार्फत यस कथामा प्रस्तुत गरिएको छ।

'पारिजातको साल्गीको बलात्कृत आँसु' कथामा पर्यावरणसम्बन्धी ध्वाँसे उज्यालोको वातावरण प्रतिकूल नभएको सन्दर्भको चित्रण गरिएको छ। यस कथामा पहिलेका मानिसहरू गाउँबाट सहर जान नखोज्ने, शोषक सामन्ती प्रवृत्ति भएका मानिसहरूले निरीह वर्गका मानिसलाई शोषण गर्ने प्रचलन रहेको छ। मानिसहरू वेश्यालयको फोहोरी वातावरणमा बस्न नचाहेर पनि बस्नुपरेको तथा मानिसको मन पवित्र भए पनि भारतको कोठीमा मानिसका इच्छा, आकाङ्क्षालाई तिलाञ्जली दिन बाध्य भएको विचार प्रस्तुत गरिएको छ। कोठीको परिवेशमा राति जबरजस्ती यौनशोषण गरिएको, कलिला बालबालिकाको इच्छा विपरीत यौनसम्बन्ध गर्ने पुरुष प्रवृत्ति भएको तथा गाउँका गलत प्रवृत्ति भएका मान्छेले किशोरीमाथि नकरात्मक क्रियाकलाप गर्दा पनि सहने प्रवृत्ति रहेको छ। त्यस कोठीमा निरीह नारी बेचिँदा पनि त्यस ठाउँबाट भागेर जान कतै नसक्नु तथा विना अपराध सहनु, पवित्र आत्माले मूल्यहीन र तिरस्कृत भएर बाँच्नुपरेको विचार तथ्यमार्फत कथामा प्रस्तुत गरिएको छ।

## निष्कर्ष

पारिजातको 'साल्गीको बलात्कृत आँसु' कथामा प्रस्तुत पर्यावरणलाई भौगोलिक, सामाजिक, सांस्कृतिक, वर्गीय, आर्थिक, मनोविज्ञान आदि आधारहरूबाट पहिचान गर्न सकिन्छ । भौगोलिक धरातललाई सिन्धुपाल्चोकबाट नेपाल घुम्न जानेजस्ता सूचक शब्दहरूले पहाडी भौगोलिक जिल्लामा सीमित गरेको छ । प्रस्तुत कथामा शोषक वर्गले गर्ने व्यवहार, प्रचलनका माध्यमबाट सामाजिक परिवेशको चित्रण गरिएको छ । समाजमा अरूलाई चरम आर्थिक, मानसिक शोषण गर्ने वर्गको मनोविज्ञान यसमा प्रस्तुत गरिएको छ । शारीरिक संरचना र वंशानुगत स्वभाव, उसको भाषा एवम् संस्कारका आधारमा संस्कारका आधारमा हेर्दा तामाङ समुदायको नारीहरूका प्रतिनिधित्व गर्ने मुख्य पात्रका रूपमा हेरिएको छ। पात्रको नामकरण, वर्गीय स्वभाव, भौगोलिक धरातल, क्षण, संस्कृति आदि प्रजाति सम्बन्धी अभिलक्षणका आधारमा विश्लेषण गरिएको छ। कथामा क्षणको प्रयोग पात्रको नामकरण, शब्द प्रयोगको अवस्था, आर्थिक स्थिति, विचार र संस्कृतिसँग जोडिएको छ। यस कथामा शक्ति, सम्पत्ति र स्वार्थी चेतनाले युक्त उच्चवर्गको चित्रण गरिएको छ। तामाङ जातिको हाडनातामा विवाह गर्नुपर्ने प्रचलनको चित्रण यसमा गरिएको छ। यस कथामा बुढेसकालमा हुर्के बढेका आफ्ना सन्तानको खोजी गरिएको, आर्थिक अभावका कारण ल्वाँगेले फकाउँदा फकिन बाध्य हुनुका साथै भारतको कोठीमा बेचिएको सन्देश प्रस्तुत गरिएको छ। यसरी साल्गीको कथामा नारीलाई उपभोग्य वस्तु तथा साधनको रूपमा हेरिने प्रवृत्ति रहेको छ। किशोरीलाई यौनधन्दामा सरिक गराएर आफू चाँडै धनी बन्न पल्लेका सामन्ती प्रवृत्तिको पात्रको उपस्थिति यसमा पाइन्छ। सोझा, निरीह नारीलाई बलात्कारजन्य दुर्व्यवहार गरेर आफ्नो मुठीमा राख्न चाहने प्रवृत्तिप्रति आक्रोश व्यक्त गरिएको छ। नारीमाथि आर्थिक रूपले शोषण भएको सन्दर्भको विरोध गरी पुरुषभन्दा निमुखा र निरीह प्राणीका रूपमा नारीलाई हेरिनु गलत भएको तथ्यसमेत यसमा प्रस्तुत गरिएको छ।

## सन्दर्भसामग्री


क्षेत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईको आख्यानको अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

चौहान, ईश्वर (२०६३). एकचिहान उपन्यासमा प्रजाति, क्षण र पर्यावरण. *सिद्धान्त र समालोचना.* लिखत पाण्डे (सम्पा.). काठमाडौं : रत्नसागर प्रकाशन गृह, पृ. ६७-७४ ।

त्रिपाठी, वासुदेव (२०६५). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १* (छैटौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

पाण्डे, मेनेजर (सन् २००६). *साहित्य के समाजशास्त्र की भूमिका* (तेस्रो संस्क.). वनारस : साहित्य अकादमी ।

पारिजात (२०७३). *पारिजातका सङ्कलित रचनाहरू* (चौथो संस्क.). काठमाडौं : पारिजात स्मृति केन्द्र ।

पोखरेल, बालकृष्ण र अन्य (२०६५). *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, कृष्णप्रसाद (२०७०). *साहित्य सिद्धान्त, नेपाली समालोचना शोध र सृजनाविधि.* काठमाडौं : नवीन प्रकाशन ।

बराल, ऋषिराज *(२०६३). उपन्यासको सौन्दर्यशास्त्र* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

भारद्वार, मैथिलीप्रसाद (२०४६). प*ाश्चात्य काव्यशास्त्रको सिद्धान्त.* वनारस : साहित्य अकादमी ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र अधिकारी, बालाकृष्ण (२०७६). *साहित्यको इतिहास.* ललितपुर : साझा प्रकाशन ।